
सूचनाको हक सम्बन्धी एन २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम

स्वत: प्रकाशन(Pro-Active Disclosure)



सीमा प्रशासन कार्यालय

लामाबगर, दोलखा ।




मिति: २०८२।०६।२३

नेपाल सरकार
गृह मन्त्रालय
सीमा प्रशासन कार्यालय
लामाबगर, दोलखा

शाखा अधिकृत

## विषयसुची


१. सीमा प्रशासन कार्यालय, लामाबगर, दोलखाको संक्षिप्त परिचय

२. सीमा प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

३. संगठनात्मक ढाँचा

४. दरबन्दी विवरण

५. यस कार्यालयबाट प्रदान गरिने सेवाहरु

६.आर्थिक वर्ष २०८१।०८२ मा यस कार्यालयबाट भएको आम्दानीखर्च तथा आर्थिक कारोबार सम्वन्धी अध्यावधिक विवरण

७. सेवा प्रवाह गर्ने शाखा, जिम्मेवारी र जिम्मेवार कर्मचारी

८.यस कार्यालयका समस्या र समाधानका उपायहरु


नेपाल सरकार
गृह मन्त्रालय
सीमा प्रशासन कार्यालय
लामाबगर, दोलखा

शाखा अधिकृत

CamScanner

**१.सीमा प्रशासन कार्यालयको संक्षिप्त परिचय**

नेपालको संविधानले व्यवस्था गरेको अन्तर्राष्टिय सीमाको सुरक्षासँग सम्बन्धित व्यवस्था बमोजिम नेपालमा सीमा प्रशासन कार्यालयको व्यवस्था रहेको छ । जस मध्ये सीमा प्रशासन कार्यालय लामाबगर दोलखा सदरमुकामको चरिकोटबाट ६८ किलोमिटर उत्तर विगु गाउँपालिका वडा नं १ लामाबगरमा रहेको छ। चरिकोटबाट करीब २ घण्टा ४५ मिनेटको दूरीमा रहेको यो कार्यालय तामाकोशी नदीको छेउमा रहेको छ । यस कार्यालयको उँचाई समुन्द्रको सतहबाट करीब १९७० मीटर रहेको कार्यालायको स्थापना वि स २०३७ सालमा भएको थियो। वि.स २०५८ साल चैत १९ गते द्वन्द कालमा आगजनी गरी सम्पूर्ण कार्यालयका सरसामानहरु जलि नष्ट भएको थियो । वि स २०५८ साल चैत १९ गते पछि चरिकोटबाट कार्य संचालन गर्दै आएकोमा वि स २०६६ साल देखि पुन: लामाबगरमा घर भाडामा लिई कार्यालय सञ्चालनमा रहेको छ । साथै मित्रराष्ट्र चीनसंग यस कार्यक्षेत्रको सिमानामा स्तम्भ नम्बर ५५, ५६, ५७, ५८, ५९, ६० र ६१ गरी जम्मा ७ (सात) वटा सीमा स्तम्भहरु रहेका छन् ।

२. **सीमा प्रशासन कार्यालयका काम, कर्तव्य र अधिकार**

- दशगजा र सीमा स्तम्भहरुको बराबर निरीक्षण गरी देशको सीमा यथास्थितिमा राख्न आवश्यक व्यवस्था मिलाउने ।
- सीमा क्षेत्रमा बसेका शरणार्थीहरुको लगत अध्यावधिक बनाउने ।
- शरणार्थी सम्वन्धी परिचयपत्र नवीकरण गर्ने र विदेशीहरुको अवैध प्रवेशहुन नदिने
- विदेशीहरुलाई निषेधित क्षेत्रमा जानबाट रोक्ने ।
- सीमावर्ती क्षेत्रका जनतालाई एक अर्काको देशमा परम्परागत आवागमनको व्यवस्था मिलाउने ।
- सीमा क्षेत्रको शान्ति सुरक्षा कायम गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
सीमा प्रशासन कार्यालय
लामाबगर, दोलखा

शाखा अधिकृत

- दुर्गम क्षेत्र र लामा गुम्वा समितिद्वारा संचालित विकास कार्यक्रमको अभिलेख राख्ने र तिनिहरुको कार्य प्रगति लगायत सीमा क्षेत्रको गतिविधिबारे पाक्षिक एवं मासिक रुपमा प्र.जि.अ.लाई जाहेर गर्ने ।
- मित्र देश भारत र चीनका समकक्षीय अधिकारीहरुसँग समय समयमा संयुक्त समन्वय वैठक बोलाउन आवश्यक व्यवस्था मिलाउने ।
- बार्षिक विनियोजित बजेटको परिधिभित्र रहि खर्च गर्ने सोको श्रेस्ता राख्ने लेखापरीक्षण गराई वेरुजु संपरीक्षण गराई फछ्यौट गराउने ।
- सीमा क्षेत्रमा रहेका प्रहरी थाना चौकी र चेकपोष्टको काम कारवाही उपर रेखदेख नियन्त्रण एवं सुपरिवेक्षण गर्ने ।
- सीमावर्ती क्षेत्रमा हुने अपराधहरुको नियन्त्रण गर्ने र त्यस्ता अपराधी मनोबृतिको व्यक्तिहरुको रेकर्ड अध्यावधिक बनाइ राख्ने ।
- जनगुनासोको सुनुवाइ गर्ने र मेलमिलापको वातावरण श्रृजना गरी मिलाउने ।
- नागरिकताको अस्थायी प्रमाणपत्र पाएका नागरिकहरुलाई स्थायी ना.प्र.प. दिने र नागरिकता प्रमाणपत्रको नक्कल दिने ।
- नाता प्रमाणित गर्ने ।
- सीमावर्ती क्षेत्रमा घटेका घटनाको विवरण यथाशक्य चाँडो प्र.जि.अ.लाई दिने ।
- बेला बेला नेपाल सरकारले तोकेको कार्य र प्र.जि.अ.द्वारा प्रत्यायोजत अधिकार अनुसारको अन्य कार्य गर्ने ।
- सीमावर्ती क्षेत्रमा अध्यागमन सम्वन्धी कार्य गर्ने ।
- इलाका प्रशासन शाखाले गर्ने अन्य कार्यहरु गर्ने ।
- समुहगत रुपमा विदेशी पर्यटककालागि खुला गरिएका क्षेत्रहरु गृह मन्त्रालको पुर्व स्वीकृतिमा विदेशीहरुको समुहगत पर्यटनका लागि खुला गर्न सकिने क्षेत्र र निषेधित क्षेत्रमा पर्ने गाउँपालिकाका वडाहरु वा क्षेत्रहरुको विवरण प्रकाशन गर्नुपर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
सीमा प्रशासन कार्यालय
लामाबगर, दोलखा

शाखा अधिकृत


**३. संगठनात्मक ढाँचा**

नेपाल सरकार

गृह मन्त्रालय

सीमा प्रशासन कार्यालय

लामावगर, दोलखाको संगठन संरचना




नेपाल सरकार
गृह मन्त्रालय
सीमा प्रशासन कार्यालय
लामाबगर, दोलखा

शाखा अधिकृत

**४. दरवन्दी विवरण**

नेपाल सरकार

गृह मन्त्रालय

सीमा प्रशासन कार्यालय लामावगर दोलखाको दरवन्दी संरचना

| क्र स | पद | श्रेणी | सेवा समुह | समुह | मौजुदा दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | रा.प. तृतिय | प्रशासन | सा. प्रशासन | १ | |
| २ | नायव सुब्बा | राप अन. प्रथम | प्रशासन | सा. प्रशासन | १ | |
| ३ | खरिदार | रा.प.अंन दितिय | प्रशासन | सा. प्रशासन | १ | रिक्त |
| ४ | सहायक लेखापाल | रापअंन दितिय | प्रशासन | लेखा | १ | |
| ५ | सहायक क अ | रापअंन दितिय | विविध | विविध | १ | करार |
| ६ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा. प्रशासन | २ | करार |

**५. यस कार्यालयबाट प्रदान गरिने सेवाहरु**

- सीमा क्षेत्रमा घुसपैठ तथा तस्करी नियन्त्रण ।
- सीमा क्षेत्रको अनुगमन तथा निरीक्षण ।
- बजार अनुगमन ।
- गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयबाट तोकिएका अन्यकार्यहरु ।

**६. आर्थिक वर्ष २०८१।०८२ मा यस कार्यालयबाट भएको आम्दानीखर्च तथा आर्थिक कारोबार सम्वन्धी अध्यावधिक विवरण**

| बजेट शिर्षक | आव २०८१।०८२को लागि विनियोजित बजेट | आव २०८१।०८२को खर्च विवरण | कैफियत |
|---|---|---|---|
| चालु बजेट खर्च | ४५९४०००। | ४३१८६९३। | |
| पुँजीगत बजेट खर्च | १३००००। | ९७०६७। | |
| जम्मा | ४७२४००० । | ४४१५७६०। | |

नेपाल सरकार
गृह मन्त्रालय
सीमा प्रशासन कार्यालय
लामाबगर, दोलखा

शाखा अधिकृत

CamScanner

**७.सेवा प्रवाह गर्ने शाखा जिम्मेवारी र जिम्मेवार कर्मचारी**

- आर्थिक प्रशासन शाखा - लेखा सम्वन्धी सम्पुर्णकार्य गर्ने।

  जिम्मेवार अधिकारी – श्री नवराज ओली कार्यालय प्रमुख(शा.अ)

  _ श्री यादव शर्मा आचार्य सहायक लेखापाल

- नागरिकता तथा सीमा सम्वन्धमा
  - श्री नवराज ओली कार्यालय प्रमुख
  - श्री शिव बहादुर खड्का नायव सुब्बा
- प्राविधिक शाखा
  - श्री ईश्वर आचार्य सहायक कम्प्युटर अपरेटर

**८.यस कार्यालयका समस्या र समाधानका उपायहरु**

- सीमा अनुगमनमा जाँदा बन्यजन्तुको भय बढीरहेको अवस्था छ ।
- केहि सीमा स्तम्भहरुको अवस्था कमजोर देखिएकाले समयमा नै उक्त स्तम्भहरुको संरक्षण गर्नु पर्ने देखिन्छ ।
- सीमा प्रशासन कार्यालयको आफ्नो भवन नभएको र निमार्णाधिन भवनको लागि समेत बजेट व्यवस्था नभएको अस्थामा बजेट विनियोजन गरी भवन निमार्णकार्यलाई पुर्णता दिनुपर्ने देखिन्छ ।

नेपाल सरकार
गृह मन्त्रालय
सीमा प्रशासन कार्यालय
लामाबगर, दोलखा

शाखा अधिकृत

CamScanner